### युनाईटेड बचत तथा ऋण सहकारी संस्था लि.
### पुतलीसडक, काठमाडौंलाई प्रदान गरिएको
## सीमित बैकिङ्ग कारोवार गर्ने इजाजतपत्र रद्द गरिएको बारे
# नेपाल राष्ट्र बैंकको सूचना

यस बैंकबाट युनाईटेड बचत तथा ऋण सहकारी संस्थाको गैह्रस्थलगत निरीक्षण गर्दा देखिएका कैफियतहरुका सन्दर्भमा प्रतिवद्धताअनुरुप संस्था सुधार भई यस बैंकको निर्देशनको दायराभित्र नआउन्जेल मिति २०६०/१२/३ मा रु. ४ करोडभन्दा बढी निक्षेप संकलन नगर्ने लगायतका निर्देशन दिइएकोमा २०६१/४/२८ मा गरिएको विशेष निरीक्षणबाट संस्थामा निर्देशन अनुरुप पर्याप्त सुधार नदेखिएको हुंदा उक्त संस्थालाई २०६१/६/२० देखि शर्तसहित थप निक्षेप संकलन (नविकरण समेत) गर्न प्रतिवन्ध लगाइएकोमा तोकिएका शर्तहरुको पालना स्थितिको अनुगमन गर्ने सिलसिलामा २०६३/९/२० र २१ गते गरिएको विशेष निरीक्षणबाट २०६३ मार्गमा संस्थाको प्राथमिक पूंजी रु. ७६,९३ हजारले ऋणात्मक रहेको, सञ्चालन नोक्सान बढेर रु. १,९८,१३ हजार पुगेकाले यसबाट यस बैंकको प्राथमिक पूंजीसंग सम्वद्ध निर्देशनहरु पालना हुने अवस्था नदेखिएको, संस्थालाई निक्षेप संकलनमा प्रतिवन्ध लगाउंदाका वखत तोकिएका शर्तहरु तोकिएको अवधिभित्र पालना भएको नदेखिनुका साथै संस्थालाई निक्षेप संकलनमा प्रतिवन्ध लगाए पश्चात् पनि यस बैंकको निर्देशन उल्लंघन गरी रु. १,५३,५३ हजार थप निक्षेप संकलन गरेको, यस बैंकको निर्देशन विपरित वढी भुक्तानी अवधि र आकर्षक योजनाका साथ मुद्दति निक्षेप संकलन गरेको र संस्थागत सुशासन सम्बन्धमा समेत गम्भीर कैफियत देखिएको सन्दर्भमा संस्थालाई यस बैंकबाट प्रदान गरिएको इजाजतपत्र रद्द गर्नु नपर्ने कारण भए १५ दिनभित्र सफाई पेश गर्न २०६३/११/२२ मा निर्देशन दिइएकोमा प्राप्त प्रत्युत्तरमा यस बैंकको निर्देशनबमोजिमको न्यूनतम पूंजीकोष कायम हुने गरी तत्काल शेयर पूंजी वृद्धि गर्ने प्रतिवद्धता व्यक्त नभएको, संचालन नोक्सान बढ्नुमा यस बैंकको निर्देशन र औद्योगिक व्यावसायिक वातावरणलाई दोष लगाएको, थप निक्षेप संकलन गर्न लगाइएको प्रतिवन्ध उल्लंघन गरेको सम्बन्धमा गल्ति महशुस नगरी सो सम्बन्धमा चित्तवुझ्दो र जिम्मेवारपूर्ण जवाफ नदिएको, संस्थाको व्यवस्थापन यस बैंकको निर्देशन पालना गर्ने तर्फ गम्भीर नदेखिएको, संस्थाको वित्तीय अवस्था ह्रासोन्मुख रहनुका साथै स्पष्टीकरणमा उठाइएका विषयका सम्बन्धमा संस्थाबाट दिइएको प्रत्युत्तर सन्तोषजनक नभएकोले यथास्थितिमा संस्था सञ्चालन हुन दिंदा सदस्य निक्षेपकर्ताहरुको निक्षेप सुरक्षित हुने अवस्था नदेखिएको हुंदा उक्त संस्थालाई यस बैंकबाट सीमित बैकिङ्ग कारोवार गर्न प्रदान गरिएको इजाजतपत्र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (ज) बमोजिम निर्णयानुसार रद्द गरिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।